चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ चापाकोट, २०७४ साल फाल्गुण ०४ गते संख्या : १

## भाग २

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ चापाकोट, २०७४ साल फाल्गुण ०४ गते संख्या : १

## भाग २

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

स्वीकृत मिति : २०७४।११।०४

**प्रस्तावना** : नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलोपटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न चापाकोट नगरपालिकाको नगर सभाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरीएको छ ।

## भाग– १

## प्रारम्भिक

१. **कार्यविधिको नाम** : यस कार्यविधिको नाम चापाकोट नगरपालिकाको "स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) **कार्यविधि लागू हुने** : यो कार्यविधि चापाकोट नगरसभा बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## भाग – २

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरु** : स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषय वस्तुलाई अनुसूची-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचा** : स्थानीय राजपत्रको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राज पत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्या** :

(१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्री** : स्थानीय राजपत्र प्रकाशन

गर्दा बिषयवस्तु सँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग (१उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामाग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डकोप्रस्तावनादेखिअन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी** : स्थानीय राजपत्र चापाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले”, भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीयअधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीयअधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

## भाग – ३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी** :

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्यविवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने** :

(१) प्रकाशन हुने सामाग्री नगरकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन** :

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका

लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनुपर्ने :** नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रतिदेहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) चापाकोट नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(ङ) चापाकोट नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभसाइटबाट सार्वजनिक गर्नुपर्ने :** नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्र लाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य :**

(१) प्रकाशित स्थानीय राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरण को व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएकोछ,

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा : वडा कार्यालय वा चापाकोट नगरपालिका बाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्कलिई बिक्री गरेमा बार्षिक रु. ५९०/- (पाँच सय नब्बे मात्र)

(ख) खुद्रा बिक्री गर्दा : स्थानीय राजपत्रको सदस्य नभएको

कुनैव्यक्ति वा संघसंस्थाले स्थानीयराजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रति को रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमाथि प्रति पेज २८ पैसाका दरलेथप शुल्क लिइनेछ ।

द्रष्टब्य : माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएकोछ । स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने** : स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व चापाकोट नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्या** : यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पत्र भएमा नगरकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१७. **बचाऊ** : यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्य विधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची–१

**(दफा ३ सँग सम्बन्धित)**

### स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषय वस्तु र भागहरु

### भाग–१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग–२

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची – २

**(दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)**

चापाकोट नगरपालिका

स्थानीय राजपत्र

खण्डः ..... संख्याः ..... मिति......../...../..

### भाग –१

### चापाकोट नगरपालिका

ऐन तथा नगर सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -३

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

चापाकोट नगरपालिका

स्थानीय राजपत्र

खण्डः ..... संख्याः ..... मिति......../...../..

**भाग -२**

**चापाकोट नगरपालिका**

नगरकार्यपालिका बाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्भौताको सम्पूर्ण व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

२०७७ फाल्गुण ०४ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**